# स्थानीय राजपत्र
## पञ्चेश्वर गाउँपालिका द्वारा प्रकाशित

**सुदूर पश्चिम प्रदेश, आम्चौरा जेष्ठ २५ गते शनिबार २०७६ साल खण्ड १ संख्या ९**


पञ्चेवर गाउँपालिका महिला सम्बन्धि कार्यबिधि, २०७६

(२०७६/०२/२५ को गाउँ सभा बाट अनुमोदन) पञ्चेश्वर गाउँकार्यपालिकाबाट श्वीकृत मिति २०७६/०२/२५

# पञ्चेवर गाउँपालिका महिला सम्बन्धि कार्यबिधि, २०७६

**पृष्ठभुमी**

महिलाहरूका विशिष्ट अधिकारहरू सुनिश्चित गरिनुपर्दछ भन्ने मान्यता पञ्चेवर गाउपालिकाको रहेको छ । महिलाहरुको अधिकार सुनिश्चीत गर्नका लागी नेपालले सयुक्त राष्ट्र संघद्धारा जारी गरिएको अभिसन्धी महिलाहरु प्रति हुने सवै प्रकार विभेदहरुको अन्त्य (१९७९)मा हस्ताक्षर गरेर विभिन्न नीति तथा कानुनहरु पनि तर्जुमा गरिसकेको छ । २०७५ भदौ देखि कार्यान्वयनमा आएको देवानी संहिता ऐन र नेपालको संविधानको धारा ३८ ले दिएको महिला अधिकार सम्बन्धी ब्यवस्था अनुसार समाजका सवै पक्षमा सारभुत समानताका लागि मार्ग प्रसस्त भएको छ । स्थानीय तहले संविधान तथा कानुनले निर्दिष्ट गरेअनुसार महिलाहरुको हक अधिकार सुनिश्चित गर्नका लागि स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ को उपदफा (२) बमोजिम "पञ्चेवर गाउँपालिका महिला सम्बन्धि कार्यबिधि २०७६" बनाई गाउँ कार्यपालिकाको बैठकवाट पारित गरि जारी गरिएको छ ।

परिच्छेदः- १

प्रारम्भिक

१.संक्षिप्त नाम र प्रारम्भः

(१) यो निर्देशिकाको नाम "पञ्चेवर गाउँपालिका महिला सम्बन्धि कार्यबिधि २०७६" ।

(२) यो निर्देशिका स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा

(१) विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

(क) "ऐन"भन्नाले स्थानीय सरकार संचालन ऐन २०७४ लाई संझनुपर्दछ ।

(ख) "गाउपालिका"भन्नाले पञ्चेश्वर गाउँपालिकालाई सम्झनु पर्दछ ।

(ग) "कार्यपालिका"भन्नाले पञ्चेश्वर गाउँपालिकाको गाउँकार्यपालिकालाई सम्झनु पर्दछ ।

(घ) "कार्यालय"भन्नाले गाउपालिका रहेको कार्यालयलाई सम्झनु पर्दछ ।

(ङ)."महिला" भन्नाले सवै वर्ग क्षेत्र समुदायका महिलाहरुहरुलाई सम्झनु पर्दछ ।

(च). संविधान भन्नाले नेपालको संविधान २०७२ बमोजिम महिलाको हकलाई सम्झनु पर्दछ ।

(छ)."स्थानिय तह" भन्नाले पञ्चेवर गाउँपालिका गाँउ कार्यपालिका लाई सम्झनु पर्छ ।

(.ज)महिला अधिकार भन्नाले महिलाहरु प्राप्त गर्ने जन्म सिद्ध अधिकारहरु सम्झनु पर्नेछ यस अर्न्तगत गर्भ धारण गर्न पाउने अधिकार, सुरक्षित मातृत्वको अधिकार,प्रशुति सेवाको अधिकार,तलब सहित सुत्केरी विदाको अधिकार र स्तनपान गराउने अधिकार आदि ।
(झ). महिला हिंसा भन्नाले महिलाहरु प्रति गरिने मानसिक ,शारिरिक हिंसा सम्झनु पर्दछ
(ञ).Genderभन्नाले निश्चित समाज र सँस्कृतिको आधारमा निर्धारण गरिएको महिला र पुरुष बिचको भुमिकालाई बुझिन्छ ।
(ट).लैगिक भेदभाव भन्नाले लिंगका आधारमा महिला पुरुष विच गरिने विभेद बुझिन्छ ।

## परिच्छेदः–२
## परिकल्पना, लक्ष्य र उदेश्य :

परिकल्पना :
सामाजिक न्यायमा आधारित महिला अधिकार सुनिश्चितता सहितको समाज निर्माण गर्नु पञ्चेवर गाउँपालिकाको परिकल्पना रहेको छ ।

लक्ष्य :
१.महिलाको मुलभुत अधिकारहरुलाई सुनिश्चत गर्दै समुन्नत न्यायपुर्ण लैंगिक रुपले समावेशी तथा समतामुलक गाउपालिका निर्माण गर्नु पञ्चेवर गाउँपालिकाको लक्ष्य रहेको छ ।

उदेश्य :
१.स्थानीय विकास एवं सामाजिक राजनैतिक र आर्थिक जीवनका सवै पक्षहरुमा सवै जातजाती र क्षेत्रका महिलाहरुको समान अधिकार सुनिश्चत गर्दै लैंगिक रुपले समावेशी र समतामुलक समाजको निर्माण गर्ने ।
२.महिला विरुद्ध हुने सवै प्रकारका हिंसा अन्त्य गर्ने ।
३.विकास निर्माणका सवै प्रक्रियाहरुमा महिलाहरुको क्रियाशिलता सुनिश्चतता गर्ने ।
४.महिला मानव अधिकार रक्षकहरूको पहिचान र सुरक्षा प्राकृतिक स्रोत साधनहरुमा महिलाहरुको पहुंच तथा दिगो जीविकोपार्जन
५.महिलाको स्वास्थ्य अधिकार आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र दिगो शान्ति स्थापनामा मद्त
८. संविधानको परिधि भित्र रहेका मौलिक हकको सुनिश्चितता ।
९.दलित,जनजाती,एकल महिला,अपांग महिला र गरिवीको चपेटामा परेका महिलाहरुको लागि आर्थिक सामाजिक कार्यक्रमहरु संचालन गर्ने ।
५.महिला विरुद्ध हुने सवै प्रकारका विभेद पुर्ण रुपमा अन्त्यका लागि वातावरण निर्माण गर्ने ।

## परिच्छेद :– ३
## पञ्चेवर गाउँपालिकाद्धारा संचालन गरिने कार्यक्रमहरु :

(क) पूर्वाधार विकास :
१. स्वास्थ्य तथा सरसफाई : प्रसुतीगृह निर्माण तथा मर्मत सुधार, प्रसुती एवं स्वास्थ्य जाँचका लागि आवश्यक पर्ने सामाग्री ।

२. खानेपानी तथा सरसफाई : इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धारा निर्माण तथा मर्मत सुधार ट्याङ्की निर्माण, आकाशेपानी संकलन, खानेपानी श्रोत संरक्षण, शौचालय निर्माण, मर्मत र सम्भार

३. विपन्न वर्गका महिलाहरुको कार्यबोझ घटाउने खालका आयोजना जस्तै बैकल्पीक उर्जा, सुधारिएको चुलो, सौर्यउर्जा, गोबरग्यास, पानी घट्ट, खाद्य प्रशोधन आदि आयोजनाहरु ।

४. हिंसा पिडित महिलाहरुको लागि अस्थायी आवास गृह निर्माण र मर्मत सुधार ।

५. अपाङ्गता भएका महिलाहरुको लागि सहयोग पुग्ने सामाग्री तथा आयोजनाहरु ।

६. स्थानीय तहमा सामाजिक पूँजी अभिवृद्धि गर्ने तथा तालिम संचालन गर्न सामुदायिक भवन तथा महिला सहकारी भवन निर्माण गर्न समपूरक कोष आदि कार्यक्रम ।

(ख) सामाजिक/क्षमता विकास :

१. प्रजजन स्वास्थ्य सम्बन्धी कार्यक्रम, पाठेघर सम्बन्धी समस्या रोकथाम तथा जनचेतना जगाउने कार्यक्रम, छाउपडी प्रथा विरद्ध जनचेतना जगाउने कार्यक्रम, एच.आई.भी/एडस् सम्बन्धी जनचेतना जगाउने आदि कार्यक्रम ।

२. महिलाहरुको लागि लोक सेवा तयारी कक्षा संचालन, बैदेशिक रोजगारीको लागि आवश्यक पर्ने जानकारीमूलक शिक्षा र सीप विकास ।

३. स्थानीय निकाय एवं विभिन्न सरकारी तथा गैर सरकारी संस्थाबाट संचालन गर्ने विकासको कार्यको समय सीमा, कार्य पद्धति(योजना तर्जुमा, कार्यान्वय, अनुगमन), महिला सम्बन्धी विभिन्न नीतिगत प्रावधानहरु बारेमा जानकारी दिने कार्यक्रम ।

४. महिला नेतृत्व विकास, सशक्तीकरण (सामाजिक, राजनीतिक, आर्थिक) कार्यक्रम र अधिकारमा आधारित विकासको अवधारणा सम्बन्धी कार्यक्रम ।

५. महिला साक्षरता सम्बन्धी कार्यक्रम, किशोरीहरुको लागि जीवन उपयोगी सीप ।

६. लैङ्गिकतामा आधारित हिंसा र विभेदयुक्त प्रचलन, महिला विरुद्ध हुने सबै प्रकारका हिंसा उन्मुलन सम्बन्धी कार्यक्रम, महिला मानव अधिकार सम्बन्धी, नीति, कानुन आदीबारे चेतना अभिवृद्धि कार्यक्रम ।

७. महिला सञ्जाल, समुदायिक संस्था र सहकारी संस्थाहरुको महिलाहरुको नेतृत्व विकास र विकासमा पहूँच वृद्धि गर्ने ज्ञान र सीपको विकास, सूचना र सञ्चारमा महिलाहरुको सहभागिता र पहुँच वृद्धि गर्ने कार्यक्रम, विपन्न वर्गका महिलाहरुको लागि क्षमता विकास कार्यक्रम आदि ।

८. महिला सहकारीहरुको क्षमता विकासको लागि सहयोग (प्रस्तावना लेखन सम्बन्धी तालिम, नेतृत्व विकास आदि) ।

९.महिलाको क्षेत्रमा काम गर्ने सामुदायिक स्वयंसेविकाहरुलाई क्षमता अभिवृद्धि, प्रोत्साहन पुरस्कार ।

१०. गरीब महिला सामुदायिक संस्थाहरुलाई गाउपालिका अनुदान सम्बन्धी अनुशिक्षण तालिम ।

(ग) आर्थिक/सीप विकास कृषिमा आधारित :

१.कृषि, खाद्य तथा फलफूल प्रशोधन, कृषि जन्य लघुउद्योगहरुको संचालन तथा व्यवस्थापन, जैविक कृषि व्यवसाय, कम्पोष्ट मल, गोठ सुधार, व्यवसायिक तरकारी एवं फलफुल खेती विकास, माटो सुधार, विउ विजन, उन्नत प्रविधिको विस्तार, हाट बजार प्रर्वद्धन कार्यक्रम, महिलाहरुको आय वृद्धि गर्न प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरु र अन्य कृषि, पशुविकास, मत्स्य विकास, पोखरी निर्माण तथा सहकारी सम्बन्धी क्रियाकलापहरु ।

२.गैरकृषिमा आधारित : घरेलु तथा लघुउद्यम उद्योगहरुको संचालन तथा व्यवस्थापन, परम्परागत सीपलाई परिमार्जन गर्दै बजारमैत्री रुपमा आधुनिकरण गर्ने, गरीव महिलाहरुको आय वृद्धि गर्न

प्रत्यक्ष सघाउ पुग्ने खालका तालिम तथा सीपहरु आदि । गरीव महिला सामूदायिक संस्थाहरुलाई साना तिना आयआर्जन गर्न कोषको सहयोग ।

(घ) संस्थागत विकासः

१. स्वास्थ्य चौकी एवं उपस्वास्थ चौकीहरुको संस्थागत सुधारका कार्यक्रम ।

२. लैंङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति, महिला सञ्जाल, लैङ्गिक निगरानी समूह, कानुनी उपचार तथा सहायता समिति, महिला सहकारी संस्था, सामुदायिक संस्था/महिला समूहहरुका संस्थागत सुधारका कार्यक्रम ।

३. गरीब महिलाहरुको सामुदायिक संस्था गठन तथा विस्तारमा सहयोग ।

## परिच्छेद :– ३

## पञ्चेवर गाउँपालिकाले अवलम्बन गर्ने नीतिहरु :

१.स्थानीय तहको कार्यक्रम तर्जुमा गर्दा लैंगिक विश्लेषण र लैगिक वजेट प्रणालीलाई अनिवाय गर्दै अनुगमन तथा मुल्यांकनको सयन्त्र निर्माण गर्ने ।

२.लैगिक समानता ,मुलप्रवाहीकरण र महिला सशक्तिकरणका पक्षमा सचेतनामुलक अभियान संचालन गर्दा समुदाय ,गैर सरकारी संस्थाहरुको समन्वय तथा सहकार्यमा गर्ने ।

३.श्रोत र साधनमा महीलाहरुको पहुंच ,स्वामित्व र नियन्त्रण वढाउने कार्यक्रमलाई प्राथमिकता दिइनेछ

४.महिलाहरुको पक्षमा तर्जुमा गरिएका ऐन नियम तथा कानुनहरुलाई समुदायका महिलाहरु समक्ष पुगाउनका लागि आवश्यक क्रियाकलापहरु (गोष्ठी,बैठक,एफ.एम.प्रशारण )सञ्चालन गर्ने ।

५.महिला हिंसा निवारण र पुर्नस्थापना कोषको स्थापना गर्ने ।

६.महिलाहरुलाई व्यवशाय सञ्चालन तथा आयमुलक कार्यमा संलग्न गराई स्वरोजगारी सृजना गर्न वीउ पुजीको ब्यवस्था मिलाउने ।

७.महिला हिंसाका कारण पहिचान, महिलाको सवालमा कार्यरत संघ संस्थाहरुको पहिचान तथा सञ्जाल निर्माण, संस्थागत विकास र सुदृढीकरण, क्षमता अभिवृद्धि, समन्वय र सहकार्य गर्ने ।

८.पञ्चेवर गाउँपालिका भित्र रहेका सरोकारवाला निकायहरुको समन्वय तथा सहकार्यमा महिला समबन्धी घटनाहरुको अभिलेखीकरण, अनुसन्धान, प्रकाशन तथा सहयोगी संयन्त्रको विकास ( सुरक्षावास, मनोविमर्श, कानूनी सहयोग, स्वास्थ्य सेवा) यस अभियानका कार्यनीतिहरू रहेका छन् ।

९. महिला अधिकार सुनिश्चितता तथा महिला हिंसाको न्यूनीकरण गर्न आवश्यक तथ्यगत पैरवीका लागि महिला अधिकारकर्मी तथा मानव अधिकारकर्मी संघ संस्थाहरु संग समन्वय गरेर समुदाय स्तरदेखि, गाउपालिका तह सम्म अभियानका कार्यक्रम सञ्चालन

१०.विभिन्न विषयगत कार्यालयहरु संग समन्वय सहकार्य गर्दै महिलाहरुको सामाजिक ,आर्थिक ,राजनैतिक , सास्कृतिक विकासका कार्यक्रम सञ्चालन ।

११. महिला अधिकारको सुनिश्चितता गर्न विभिन्न खाले चेतनामूलक कार्यक्रम ( एफ.एम.प्रशारण,सडक नाटक , क्षमता अभिवृद्धि (तालिम ,गोष्ठी) कार्यक्रम सञ्चालन ।

१२.पञ्चेवर गाउँपालिका क्षेत्रमा कार्यरत समुह , सामुदायिक संस्था तथा सञ्जालको सुदृढीकरण र संस्थागत विकास गरी समुदायमा घटेका महिला हिंसाका घटनाहरुको सामुहिक रुपमा न्यायका लागि पैरवी । महिलाहरुको समग्र विकासका लागि संघ संस्था, नागरिक समाज,विद्यालय, राजनैतिक दल, सरकारी निकाय तथा न्यायिक निकायहरु लगायत अन्तर्राष्ट्रिय संघ संस्थाहरु संग निरन्तर रुपमा समन्वय र सहकार्य ।

१३ नेपालको संविधानको मौलिक हक कार्यान्वयनका लागि संविधानको धारा ३८(३) बमोजिम सबै प्रकारका महिला हिंसालाई कानुनी दायरामा ल्याउने र पीडितलाई क्षतिपूर्ति दिने, र धारा ३८ (५)

बमोजिम महिलालाई शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा विशेष अधिकार सुनिश्चित गर्ने ।

१४महिला उपर हुने घरेलु हिंसा, दुर्व्यवहार, लैंगिक हिंसा, बोक्सीको आरोप, बलात्कार, दाईजो तथा बालविवाह अन्त्यका लागि सामाजिक सचेतना कार्यक्रम गाउव्यापी रूपमा सञ्चालन गरिनेछ ।

१५.सार्वजनिक स्थलमा हुने लैंगिक हिंसा न्यूनीकरणको लागि सूचक निर्माण गरी कार्यान्वयनमा ल्याइने छ । लैंगिक हिंसा अन्त्यमा पुरुष तथा युवा सहभागिता परिचालन गर्ने गरी पुरुष सञ्जालीकरणको विस्तार गरिनेछ ।

१६ समाजमा बिद्यमान अन्धविश्वास छाउपडी प्रथा लगायतका सामाजिक कुरीति अन्त्य गर्न सामाजिक जागरण सहित सचेतना र पैरबीका विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१७स्थानीय तहमा निर्वाचित महिला जनप्रतिनिधिहरूको क्षमता विकासको लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गरिनेछ ।

१८ महिलाहरुका पक्षमा बनेका ऐन कानुनहरु वारे जानकारी गराउने ।

१९ महिलाहरुको क्षमता विकासका लागि दातृ निकाय र जिल्ला स्तरका सरोकारवाला निकाहरुको समन्वयमा क्षमता अभिबृद्धि सम्बन्धी गोष्ठी तथा तालिम सञ्चालन गर्ने ।

२०.आर्थिक रुपमा विपन्न तथा सामाजिक रुपमा पिछडिएका असहाय एकल महिलालाई एकल महिला कोषको परिचालन मार्फत जिविकोपार्जनका लागि व्यवस्था गरिनेछ ।

२१ सार्वजनिक यातायात र सार्वजनिक स्थानमा महिला हिंसालाई शून्य बनाउन सरोकारवाला निकायहरु संग छलफल गरि अगाडी वढ्ने ।

२२.महिलाहरुको आर्थिक अवस्था सुधारका लागि बीउ पुजी मार्फत उत्पादनमुलक ब्यवशायका कार्यक्रमहरुमा महीलाहरुलाई सहयोग गर्ने ।

२३ महिलाहरुको लागि मागका आधारमा सीपमुलक तालिमहरु संचालन गर्ने ।

२४. ६ वटै वडाहरुमा महिलाहरुको समुह निर्माण गरेर अधिकारमुखी अवधारणा वारे छलफल कक्षा सञ्चालन गर्ने ।

२५.लक्षित समुदायको महिलाहरुको विपन्नताको अवस्था लाई मध्यनजर गरेर सेवा प्रवाह कार्यलाई प्राथमिकता दिने ।

२६.समाजमा विद्यमान कुरिती कुसंस्कार विरुद्ध जनचेतनामुलक अभियान सञ्चालन गर्नुका साथै श्रीमान श्रीमति , साशु बुहारी छलफल कार्यक्रमहरु गर्ने ।

२७पञ्चेवर गाउँपालिका भित्र रहेका सरकारी गैरसरकारी निकायहरुको समन्वय तथा सहकार्यमा आवश्यकतानुसार महिला लक्षित कार्यक्रमहरु तर्जुमा गरेर कार्यान्वयन गर्ने ।

२८ समुदायमा विभिन्न संघ संस्था तथा कार्यक्रमहरु मार्फत निर्माण गरिएका महिला समुहरुको नेतृत्व विकास वचत ऋण परिचालन ,सामाजिक परिचालन, नियमति वैठक आदिमा सहजीकरण विपन्न तथा पिछडिएका महिलाहरुको आवश्यकता पहिचान गरी उनीहरुको सामाजिक तथा आर्थिक विकासमा टेवा पुऱ्याउने

२९ समूहका सदस्यहरुको सामाजिक परिचालन र चेतना जागरण कार्यक्रम सञ्चालन गर्ने;

३०महिलाहरुमा नेतृत्व गर्ने क्षमता र सीपको विकास गरी स्थानीय विकासका कार्यमा उनीहरुको सहभागितालाई अभिवृद्धि गर्ने; लैगिक हिंसा न्यूनीकरणका लागि समुदायस्तरमा नियमित अन्तरक्रिया, छलफल तथा अभियानमूलक कार्यक्रम सञ्चालन गर्ने ।

३१पञ्चेवर गाउँपालिकामा महिलामाथी हुने हिंसाको कारण पत्ता लगाई सो सम्बन्धी जनचेतनामुलक कार्यक्रम संचालन गर्ने ।

३३.समाजमा जरो गाडेर रहेको पितृसत्ता र यसले स्थापित गरेको मूल्यमान्यता, परम्परा र संस्कृति नै महिला बिरुद्ध हिंसाको प्रमुख कारणलाई मध्यनजर गरेर महिलाहरुको भुमिमा स्वामित्वका लागि संयुक्त लाल पुर्जा कार्यक्रम । प्राकृतिक विपदका समयमा महिलाहरु नै बढि प्रभावित तथा

जोखीममा पर्ने भएकाले महिलाहरुका लागि बिपद् जोखीम न्युनीकरण समबन्धी तालिम गोष्ठी संचालन ।

३४. महिला हिंसा बिरुद्धको पैरवीलाई वृहत र प्रभावकारी रुपमा अगाडी बढाउन हरेक विद्यालयहरुमा सचेतनामुलक गाष्ठी ,अभियान सञ्चालन ।

३५ लैङ्गिकतामा आधारित हिंसा र यसका कारण तथा परिणाम र महिला अधिकारसंग संम्वन्धित विभिन्न विषय तथा सवालहरुमा समुदाय स्तरदेखि नै सचेतनामुलक कार्यक्रम तथा अभियान संचालन ।

३६पञ्चेवर गाउँपालिका भित्र रहेका विद्यालयका शिक्षिका तथा छात्राहरुका लागि महलिा हिंसा विरुद्ध गाष्ठी तालिम सञ्चालन ।

३७.लैङ्गिकतामा आधारित हिंसा तथा यौन दुर्व्यवहार, यौन तथा प्रजनन स्वास्थ्य एवं अधिकार, बालविवाह र यसका असरहरु विषयहरुमा अभिमुखीकरण ।

३८.महिला हिंसाका घटनाहरु तथा महिला अधिकारका सवालहरुमा स्वयम् समुदायका महिलाहरुलाई नै जागरुक तथा सशक्तीकरणका लागि एफ.एम.मार्फत सन्देशमुलक कार्यक्रम प्रशारण ।

३९.विभिन्न सरोकारवाहरुको असम्वेदनशीलता, गैरजिम्मेवारी एवम् मौनता नै महिलामाथि भएका र हुनसक्ने हिंसाको एक प्रमुख कारणलाई मध्यनजर गरेर सरोकारवाला निकायहरु विच चौमासक रुपमा न.पा. स्तरमा अर्न्तक्रिया ।

४०. आर्थिक रुपमा विपन्न, दलित महिलाहरुका साथै मर्कामा परेको घरपरिवारकामहिला व्यक्तिहरुलाई आयआर्जनको स्रोत बढाउन अनुदान सहयोग, सीपमुलक तालिम, वीउ विजन , बाखापैचौ कार्यक्रम सञ्चालन ।

४१.अति गरिव एवं विपन्न समुदायका महिलाहरुको लागि विभिन्न किसिमका मौसमी तथा बेमौसमी तरकारी खेतीबारे तालिम तथा आवश्यक सामग्री सहयोग ( प्लास्टीक टन्नेल, होजीयारी ,वीउ विजन, झोलमल आदि ) ।

४२. घरदैलो कार्यक्रम तथा शिविर मार्फत विभिन्न प्रकारका अभिमुखीकरण कार्यक्रमहरु ( महिला हिंसा, सुरक्षित मातृत्व , सुत्केरी अवस्थामा लगाइने खोप , प्रजनन स्वास्थ्य, सरसफाइ लगायतका विषयहरुमा अभिमुखीकरण तथा सेवा प्रवाह ।

## परिच्छेद :– ४

## पञ्चेवर गाउँपालिकाद्धारा संचालन कार्यक्रमहरुको कार्यान्वयन :

१. **कार्यालय आफैले गर्ने** : घरदैलो कार्यक्रम तथा शिविर मार्फत विभिन्न प्रकारका अभिमुखीकरण कार्यक्रमहरु

२. **उपभोक्ता समितिद्धारा सन्चालन गर्ने**:प्रसुतीगृह निर्माण तथा मर्मत सुधार,इनार निर्माण तथा मर्मत, ट्यूवेल जडान, धारा निर्माण तथा मर्मत सुधार ट्याङ्की निर्माण, आकाशेपानी संकलन, खानेपानी श्रोत संरक्षण, शौचालय निर्माण, मर्मत र सम्भार

३. **गैर सरकारी सस्थाहरुद्धारा सन्चालन गर्ने**:महिला हिंसा, सुरक्षित मातृत्व , सुत्केरी अवस्थामा लगाइने खोप , प्रजनन स्वास्थ्य, सरसफाइ लगायतका विषयहरुमा अभिमुखीकरण, महिला उपर हुने घरेलु हिंसा, दुर्व्यवहार, लैंगिक हिंसा, बोक्सीको आरोप, बलात्कार, दाईजो तथा बालविवाह अन्त्यका लागि सामाजिक सचेतना कार्यक्रम र

४. **महिला सन्जालद्धारा सन्चालन गर्ने**महिला हिंसा, सुरक्षित मातृत्व , सुत्केरी अवस्थामा लगाइने खोप , प्रजनन स्वास्थ्य, सरसफाइ लगायतका विषयहरुमा अभिमुखीकरण, महिला उपर हुने घरेलु हिंसा, दुर्व्यवहार, लैंगिक हिंसा, बोक्सीको आरोप, बलात्कार, दाईजो तथा बालविवाह अन्त्यका लागि सामाजिक सचेतना कार्यक्रम र

## परिच्छेद :– ५

## पञ्चेवर गाउँपालिकाद्धारा दिइने छुट :

१.पारश्रमिक आयमा छुट : महिलाको पारश्रीमिक आयमा १० प्रतिसत छुट हुने ब्यवस्था छ ।

२.आयकरमा छुट : महिलाहरु द्धारा संचालित उद्योगहरुमा २० प्रतिसत छुट ।

३.उद्योग दर्तामा छुट :महिलाहरु द्धारा संचान गरिने उद्योग दर्ताका क्रममा ३५ प्रतिसत छुट ।

४.जग्गा रजिष्टेसनमा छुट : एकल महिला ३५ प्रतिसत र अन्य महीलाहरुलाई २५ छुटको ब्यवस्था ।

५.सयुक्त लाल पुर्जाको प्रावधान : पति र पत्नी दुवैको नाममा जग्गा दर्ता का क्रममा २५ प्रतिसत छुट

६.लैंगीक हिंसा पिडितहरुलाई सहायता : यातायात र खाना खर्च वाफत प्रतिदिन २५०, औषधी उपचार वाफत बढिमा २०००, कानुनी सुविधा र मनोपरामर्षका लागि बढिमा ५०००, ब्यवशाय संचालन गर्न पुजीको रुपमा वस्तु तथा नगद गरी २०,००० सम्म, पुर्नस्थापनाका लागि ५०००

## परिच्छेद :– ६

## अनुगमन तथा मुल्यांकन :

रणनीति अनुसार संचालन गरिने क्रियाकलापहरुको प्रभावकारीताका लागि सरोकारवाला निकायहरु संगको समन्वय तथा सहकार्यमा अनुगमन मुल्यांकन गरिनेछ । अनुगमन मुल्यांकनका क्रममा प्राप्त सुझावहरुका आधारमा रणनीतिलाई परिमार्जन गर्दै लगिनेछ । साथै तपशिल बमोजिमका पदाधिकारी रहने गरी अनुगमन समिति गठन गरीनेछ ।

तपशिल :

१.उपाध्यक्ष-संयोजक

२.प्रमुख प्रशासकिय अधिकृत -सदस्य

३.गाउपालिका कार्यपालिकाका सबै महिला सदस्य -सदस्य

४.महिला सञ्जाल को प्रतिनिधि१जना -सदस्य

५. महिला बालबालिका तथा ज्येष्ठ नागरीक शाखा प्रमुख -सदस्य सचिव

.

## परिच्छेद७
## विविध

१४. अन्य प्रचलित कानून बमोजिम प्रमाणीकरण हुने विषयमा असर नपर्नेः कुनै निणय वा आदेश प्रमाणीकरण सम्बन्धमा प्रचलित नेपाल कानूनमा छुट्टै व्यवस्था भएकोमा त्यस्ता विषयमा यस नियममा लेखिएको कुनै कुराले असर पार्ने छैन ।

१५. कार्यविधि बनाउन सक्नेः
यस नियमको उद्देश्य कार्यान्वयन गर्न कार्यपालिकाले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

१६. बचाऊः

यस अघि स्थानीय निकायबाट प्रचलित कानून बमोजिम भए गरेका निर्णय वा आदेश वा तत्सम्वन्धी अधिकारपत्रका प्रमाणिकरण यसै नियम बमोजिम भए गरको मानिनेछ ।

आज्ञाले

कमलापति भट्ट

प्रमुख प्रशासकिय अधिकृत